**कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित**

**(शेयरमा सिमित दायित्व भएको)**

**ग्रीन भेन्चर्स लिमिटेड**

**Green Ventures Limited**

**लिखु–४ जलविद्युत आयोजना (५२.४ मे.वा.)**

वडा नं.२८, पुतलीसडक, काठमाण्डौं, नेपाल ।
फोन नं :०१-५३४२३१७
E-mail: frontdesk@trivenihydro.com|URL: www.greenventuresnepal.com

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरणपत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.३,१२,५०,००,०००/-(अक्षरेपी तीन अर्ब बाह्र करोड पचास लाख रुपैंया मात्र) को २०% अर्थात रु.६२,५०,००,००० /- (अक्षरेपी बासाठी करोड पचास लाख रुपैया मात्र) रकम बराबरको रु.१०० अंकित दरका ६२,५०,००० (अक्षरेपी बासाठी लाख पचास हजार मात्र) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये यस विवरण मार्फत जारी पूँजीको १०% अर्थात रु.३१,२५,००,००० /- (अक्षरेपी एकतीस करोड पच्चिस लाख रुपैया मात्र) रकम बराबरको रु.१०० अंकित दरका ३१,२५,००० ( अक्षरेपी एकतीस लाख पच्चिस हजार मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुको निमित्त तपशिल बमोजिम धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात सर्वसाधारणलाई जारी पूँजीको १०% अर्थात रु.३१,२५,००,००० /- (अक्षरेपी एकतीस करोड पच्चिस लाख रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ३१,२५,००० ( अक्षरेपी एकतीस लाख पच्चिस हजार मात्र) कित्ता शेयरमध्ये ९३,७५० (अक्षरेपी तिरानबे हजार सात सय पचास मात्र) कित्ता (३ प्रतिशत) कर्मचारीहरुलाइ र १,५६,२५० ( अक्षरेपी एक लाख छप्पन हजार दुइ सय पचास मात्र) कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी २८,७५,००० ( अक्षरेपी अठाइस लाख पचहतर हजार मात्र) कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | पुस मसान्त २०७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | ९१.०७ | ९०.५९ | ९१.८६ | ९३.८७ | १०३.३१ | १११.३६ | १२१.६३ |
| **प्रति शेयर आम्दानी (रु.)** | -०.२५ | -३.०६ | -०.४२ | २.०१ | ३.६१ | ८.०५ | १०.२७ |
| **संचित नाफा/(नोक्सानी)** | -३,७८६,९४४ | -६०,१९८,९२८ | -९,७९९,८४५ | ५०,२६४,९६७ | १०३,३९१,४०० | २५१,५२९,८६३ | ३२०,९६०,७०१ |

<u>**प्रति मेगावाट लागत सम्बन्धी विवरण**</u> : लिखु–४ खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत प्रति मे. वा. रु.२३.०५ करोड रहेको छ ।

<u>**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण**</u> : लिखु–४ खोला जलविद्युत आयोजनाको पत्र बहाल रहने अवधि मिति:२०६८/११/२८ देखि २१०३/११/२७ गते सम्म रहेकोले २५ वर्ष ८ महिना बाँकी रहेको छ

<u>**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण**</u> : **Simple Pay Back Period**: ७.९१ वर्ष र **Discounted Pay Back Period** : ११.५७ वर्ष रहेको छ ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

<u>**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**</u>

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८.** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

<u>**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**</u>

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिएको यस विवरण-पत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्कासनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस विवरण-पत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरिएको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

<u>**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण:**</u>

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि.,कमलादी, काठमाण्डौंबाट इस्यूर रेटिङ्ग गराइ{ **"[CARE-NP BB (Is) [Double B (Issuer Rating)]"**प्रमाणपत्र प्राप्त गरेको छ . **"[CARE-NP BB(Is) [Double B(Issuer Rating)]"** ले समयमानै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम रूपमा सुरक्षित मानिन्छ । (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि.ले **CARE-NP AAA (Is)** देखि **CARE-NP D (Is)** सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड **"CARE-NP AAA(Is)"** ले सकारात्मक आधार जनाउँछ भने **"CARE-NP D (Is)"** ले नकारात्मक आधारहरू जनाउँछ ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :२०७८/०९/०२ (तदनुसार डिसेम्बर १७, २०२१)    बहाल रहने अवधि २०७९/०८/१५ (तदनुसार डिसेम्बर १, २०२२)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति: २०७८/१०/०९
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०७८/१०/१६

**धितोपत्र निष्काशन खुल्ला हुने मिति :**

**पहिलो चरण :** आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि

निष्कासन खुल्ला हुने मिति: २०७८/११/०२    निष्कासन बन्द हुने मिति (छिटोमा): २०७८/११/१६
निष्कासन बन्द हुने मिति (ढिलोमा): २०७८/१२/०१

**दोस्रो चरण :** सर्वसाधारणहरुको लागि

दोस्रो चरणमा सर्वसाधारण शेयरधनीहरुको लागि सार्वजनिक निष्कासन आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको शेयर बाँडफाँड पश्चात् सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

<u>**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक**</u>

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited

**(100% Subsidiary of Laxmi Bank Limited)**

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**

पो.ब.नं. ८४४९, नयां बानेश्वर, काठमाडौं, फोन नं.–४७८०२२२,४७८१५८२,५९७००६४फ्याक्स नं.–४७८०५८३
Email: info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा:**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, बानेश्वर,काठमाण्डौंलाई सम्झनु पर्छ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्कासनकर्ता कम्पनी ग्रीन भेन्चर्स लिमिटेड, वडा नं. २८, पुतलीसडक, काठमाण्डौलाई सम्झनु पर्छ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्कासन ( आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु) को लागि तयार गरिएको विवरण-पत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

च) "निष्कासन बैंक" भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्छ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले ग्रीन भेन्चर्स लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्झनु पर्छ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) "स्थानियवासी"भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात खिजिदेम्बा गाउँपालिका १ (साविक रगनी गा.वि.स.), ओखलढुंङ्गा, खिजिदेम्बा गाउँपालिका २ (साविक रगनी गा.वि.स.), ओखलढुंङ्गा, खिजिदेम्बा गाउँपालिका ३ ( साविक खिजीचण्डेश्वरी गा.वि.स.), ओखलढुंङ्गा,लिखु गाउँपालिका ९ (साविक पोकली गा.वि.स.), ओखलढुंङ्गा ,लिखु तामाकोशी गाउँपालिका १ (साविक दुरागाउँ गा.वि.स.), रामेछाप, लिखु तामाकोशी गाउँपालिका २ ( साविक सैपु गा.वि.स.), रामेछाप र उमाकुण्ड गाउँपालिका ७ (साविक भुजि गा.वि.स.) रामेछापमा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

**ख.२.विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयां बानेश्वर, काठमाडौं र वेवसाइट: www.laxmicapital.com.np |
| २. | ग्रीन भेन्चर्स लिमिटेड, पुतलीसडक, काठमाण्डौं र वेवसाइट: www.greenventuresnepal.com |
| | साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ । |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| | आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा: |
| १. | आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्कासन तथा बिक्री प्रवन्धकले तोकेको आयोजना प्रभावित जिल्लाका बैंक तथा वित्तीय संस्थाहरु ।<br>लक्ष्मी बैंक लिमिटेड, मंथली, रामेछाप<br>नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड,धोबिबजार,लिखु,रामेछाप<br>आयोजना स्थल<br>मेगा बैंक लिमिटेड,खिजिदेम्बा, ओखलढुंङ्गा<br>मेगा बैंक लिमिटेड, मंथली, रामेछाप<br>आवश्यकता अनुसार स्वीकृती लिए पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । |
| २. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |
| | सर्वसाधारण शेयरधनीहरुको हकमा : |
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई ग्रीन भेन्चर्स लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा ऐन तथा नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरण-पत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस ग्रीन भेन्चर्स लिमिटेडले प्रकाशित गरेको विवरण-पत्र,सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौ। साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरण-पत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७७/०७८ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आ.व. सम्म कम्पनी अध्यावधिक रहेको जानकारी गराउँदछौं ।

**ग.२.घ.संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५.यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि**

**(क) संगठित संस्थाको नामः** ग्रीन भेन्चर्स लिमिटेड **(Green Ventures Limited.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा. नं. २८, पुतलीसडक, काठमाडौंमा रहेको छ । सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) जलविद्युत केन्द्र** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र ओखलढुंगा जिल्लाको खिजिदेम्बा गाउँपालिका वडा नं. १ र ३ (साविक रगनी गा.वि.स. र खिजिचण्डेश्वरी गा.वि.स.) तथा रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका वडा नं. ७ (साविक भुजि गा.वि.स) ।

**(ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**
कम्पनीको स्थापनाकाल देखि हालसम्मको /संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले निजी क्षेत्रका उद्यमीहरु मिलेर यस ग्रीन भेन्चर्स लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६१ साल मंसिर २२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७५ साल फागुन १३ गतेदेखि कम्पनी ऐन,२०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

२. हाल यस कम्पनीमा २८ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले ओखलढुंगा जिल्लाको लिखु–४ जलविद्युत आयोजनाबाट ५२.४ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट क्रमशः मिति २०६८/११/२८ र मिति २०७४/०२/१२ (पहिलो संशोधन) गतेका दिन प्राप्त गरेको हो ।

- कम्पनी र प्राधिकरण बीच मिति २०७३/०३/२९ मा लिखु–४ जलविद्युत आयोजना ५२.४ मे.वा. को खरिद बिक्री सम्झौता (PPA) मा व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०२० अक्टोबर १६ अर्थात २०७७।०६।३० गते उल्लेख गरिएकोमा हाल कम्पनी र प्राधिकरण बीच मिति २०७८/०७/२२ मा लिखु–४ जलविद्युत आयोजना ५२.४ मे.वा. को खरिद बिक्री सम्झौता (PPA) को दोस्रो संशोधनमा व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०२१ सेप्टेम्बर ३० अर्थात २०७८।०६।१४ तोकिएको छ ।
- नेपाल विद्युत प्राधिकरणको मिति २०७८।०८।१३ को पत्र संख्याः ने.वि.प्रा.०७८/७९ वि.व्या.वि.च.नं. ४८२ अनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु हुने मिति (COD) २०७८।०७।२१ तोकिएको छ ।
- लिखु–४ जलविद्युत आयोजना (५२.४ मे.वा.) को मिति २०६८/११/२८ मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र पत्र संख्या :(वि.वि.वि. ०६८/०६९ वि.उ. ०५९)प्राप्त भएको तथा मिति २०७४।०२।१२ मा अनुमतिपत्र संख्या :(वि.वि.वि. ०६८/०६९ वि.उ. ०५९ को पहिलो संशोधन) भएको हो र उक्त अनुमतिपत्र मिति २१०३/११/२७ गते सम्म बहाल रहनेछ ।

४. यस लिखु–४ जलविद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत रु. १२,०८,२८,४९,१३२/-हुने अनुमान रहेको छ साथै २०७७/७८ लाई आधार बर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.९१ वर्ष रहने अनुमान रहेको छ ।

५. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको लिखु–४ खोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको छ ।

६. कम्पनीले निर्माण गरेको लिखु–४ जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७३/०३/२९ गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । हाल कम्पनी र प्राधिकरण बीच मिति २०७८/०७/२२ मा लिखु–४ जलविद्युत आयोजना ५२.४ मे.वा. को खरिद बिक्री सम्झौता (PPA) को दोस्रो संशोधनमा व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०२१ सेप्टेम्बर ३० अर्थात २०७८।०६।१४ तोकिएको छ ।

७. आयोजना सम्बन्धि विवरण :

- **आयोजनाको कुल जलविद्युत उत्पादन क्षमताः** लिखु–४ जलविद्युत आयोजना जलविद्युत उत्पादन क्षमता ५२.४ मे.वा.
    - **आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति :** लिखु–४ जलविद्युत आयोजना (५२.४ मे.वा.) को मिति २०६८/११/२८ मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र पत्र संख्या :(वि.वि.वि. ०६८/०६९ वि.उ. ०५९) प्राप्त भएको तथा मिति २०७४।०२।१२ मा अनुमतिपत्र संख्या :(वि.वि.वि. ०६८/०६९ वि.उ. ०५९ को पहिलो संशोधन) भएको हो र उक्त अनुमतिपत्र मिति २१०३/११/२७ गते सम्म बहाल रहनेछ ।
- **विद्युत उत्पादन अनुमती बहाल रहने मिति तथा अवधि :** लिखु–४ जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमती पत्र वहाल रहने अवधि मिति २०६८/११/२८ देखि २१०३/११/२७ गते सम्म रहेको छ ।
- **आयोजनाको कुल लागत** :लिखु–४ जलविद्युत आयोजनाको कुल अनुमानित लागत रु.१२,०८,२८,४९,१३२/- रहेको छ ।
- **आयोजनाको प्रति मेगावाट लागत :**संगठित संस्थाको अनुमानित लागत अनुसार प्रति मेगावाट औसत लागत रु.२३.०५ करोड रहेको छ ।
- **आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal pay back period):** लिखु–४ आयोजनाको साधारण लगानी फिर्ता हुने अनुमानित अवधी (Normal pay back period) ७.९१ वर्ष रहेको छ ।
- **आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted pay back period)** : लिखु–४ आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अनुमानित अवधी (Discounted pay back period) ११.५७ वर्ष रहेको छ ।

- **कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

  **लिखु–४ जलविद्युत आयोजना :**

    - प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि -व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिना देखि सम्झौता अवधि सम्म | १०।४२ | ५।९५ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

- नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy)को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) को हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।
- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिणामसम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।
- कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी)प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ :

  क्षतिपूर्ति रकम रु.

  =[०.८ Xसो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा– सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा– सोही अवधीमा प्राधिकरणको कारणले वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर,

  यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ। क्षतिपूर्ति रकम बिल रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन।

  प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ।

- मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिकवर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसावगरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ।

- **आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:**

| | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी(kWh) | ५२,४२८,८०३ |
| बर्षा यामको कूल इनर्जी(kWh) | २४३,४०३,४८४ |
| **जम्मा वार्षिक इनजी (kWh)** | **२९५,८३२,२८७** |

- **विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा**

  विद्युत खरिद बिक्री सम्झौतामा कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं

परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (COD) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरु समय मै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (COD) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोही समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निमार्ण एंव अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिई सकेपछि साइटको संयुक्त नापजाँचबाट उपकरणहरुको प्राविधिक सिमाभित्र रही गरिएका:

क. आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणिकरण

ख. Black Start परिक्षण

ग. उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test

बाट व्यहोरा ठिक ठहरिएमा काबू बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति(RCOD) सम्ममा व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।

यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।

हर्जाना रकम रु.=०.०५ x कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको कर्जा x व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद वापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

**विद्युत खरिद बिक्री**

काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरीद गर्नु पर्नेछ । काबु बाहिरको परिस्थिति उत्पन्न भएमा खरीद गर्नु पर्ने उर्जाको हिसाब समानुपातिक आधार (Prorata Basis) मा निर्धारण गरिनेछ । कम्पनीले पनि आयोजनबाट उत्पादित विद्युत शक्ति डेलिभरी प्वाइण्ट सम्म पुर्‍याउने व्यवस्था मिलाउनु पर्नेछ ।

- **निर्माणाधिन आयोजनाको अवस्था**

  आयोजनाको हालको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.न. | विवरण | कार्य प्रगति | प्रगति विवरण प्रतिशत |
|---|---|---|---|
| १. | आधारभूत निर्माण कार्य | | |
| १.१ | प्रवेश मार्ग | सम्पन्न भई आवश्यकता अनुसार मर्मत सम्भार कार्य भईरहेको । | १०० |
| १.२ | सिभिल संरचना | सम्पन्न | १०० |
| २. | सिभिल कार्यहरु | | |
| २.१ | हेड कार्यहरु | हेड रेगुलेटर, फिस पास, इसपिलवे,कलेक्सन पुल, डिसिल्टीङ बेसिन र ब्रिज पाइएर जस्ता कन्स्ट्रक्सन कार्यहरु सम्पन्न । | १०० |
| २.२ | पेनस्टक र पावर हाउसका कार्यहरु | सिभिल कार्य अर्न्तगतका कार्यहरु | १०० |

| | | | |
|---|---|---|---|
| | | सम्पन्न भईसकेको । | |
| २.३ | हेडरेस टनेल | ४०६६.६६ मि टनेलको कन्स्ट्रक्सन कार्य सम्पन्न । | १०० |
| ३. | हाइड्रो मेकानिकल कार्य | | |
| ३.१ | हेड वर्कस् | हेड रेगुलेटर, अन्डरइस्लुइस, एसएफसि गेट, ओजिसी गेट, फिस पास गेटको निर्माण तथा इसपिलवको माथि स्टिल ब्रिजको जडान को निर्माण कार्य सम्पन्न । मितिः २०७८।०२।०६ मा दायाँ डिसिल्टीङ वालको २० मिटर ट्रान्जिसन भागमा क्षति हुन गएको, क्षतिको कारण प्राकृतिक विपत्तिले गर्दा । क्षति भएको डिसिल्टीङ बेसिनको वालको मर्मत कार्य परामर्शदाताको डिजाइन तथा चित्र अनुसार सम्पन्न भइसकेको । | १०० |
| ३.२ | एडिट गेटस् | एडिट गेटको कार्य सम्पन्न । | १०० |
| ३.३ | पावर हाउस | पावर हाउसको कार्य सम्पन्न । | १०० |
| ३.४ | स्टिल लाइनिङ, प्रेसर शाफट एण्ड सर्ज शाफट | यस अर्न्तगतका हाइड्रो मेकानिकल कार्यहरु सम्पन्न । | १०० |
| ४. | इलेक्ट्रोमेकानिकल कार्य | | |
| ४.१ | मेशिन तथा उपकरण उपलब्धता तथा डेलिभरी | आवश्यक मेशिन तथा उपकरणहरु साइटमा डेलिभरी भइसकेको । | १०० |
| ४.२ | मेशिन तथा उपकरण जडान | इलेक्ट्रोमेकानिकल मेशिन तथा उपकरण जडान भइसकेको । | १०० |
| ५. | ट्रान्समिसन लाइन | ट्रान्समिसन टावरको जडान तथा तार जोडने कार्य सम्पन्न । | १०० |

- **यो प्रस्ताव तयार गर्दा २०७८/०९/३० सम्म आयोजनाको कार्य सम्पन्न भइसकेको छ ।** नेपाल विद्युत प्राधिकरणको मिति २०७८।०८।१३ को पत्र संख्याः ने.वि.प्रा.०७८/७९ वि.व्या.वि.च.नं. ४८२ अनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु हुने मिति (COD) २०७८।०७।२१ तोकिएको छ । आयोजनाले (COD) देखि विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गरी रहेको छ ।

**प्रसारण लाइनको हालको अवस्था :**

- आयोजनाको लागी चाहिने जम्मा ५४ वटा टावरहरुको फाउन्डेसन तथा जडान कार्य सम्पन्न ।
- १८.५३ कि.मि.ओपिजीडब्लू र कन्डक्टर जोड्ने कार्य सम्पन्न ।
- नेपाल विद्युत प्राधिकरण तथा ग्रीन भेन्चर्स लिमिटेडको बिच ग्रिड कनेक्सन सम्झौता मिति २०६७/०४/०३ मा सम्पन्न भएको । यस सम्झौता भए अनुसार आयोजनाबाट उत्पादन भएको उर्जालाई २२० के.भी. डबल सरकिट प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको नयाँ खिम्ती सबस्टेसनमा जोड्ने ।
- नेपाल विद्युत प्राधिकरण तथा ग्रीन भेन्चर्स लिमिटेडको बिच मिति २०६७/०४/०३ मा भएको ग्रिड कनेक्सन सम्झौतामा पहिलो संशोधन मिति २०७७/११/०७ मा गरिएको । यस संशोधन भए अनुसार आयोजनाबाट उत्पादन भएको उर्जालाई २२० के.भी. सिंगल सरकिट प्रसारण लाइन मार्फत नयाँ खिम्ती सबस्टेसनमा जोड्ने ।

**नयाँ खिम्तीको जिआइएस सबस्टेसनको हालको अवस्थाः**

- मुख्य उपकरणहरु जस्तै लाइटनिङ एरेस्टर, ग्यान्टेरी, इन्सुलेटर, केबल्स्, प्रोटेक्सन उपकरण, कम्युनिकेशन उपकरण तथा जिआइएस वे को जडान कार्य सम्पन्न ।
- तामाकोशी जलविद्युत आयोजना बाट निर्माण भएको मल्टि सर्किट टावरको जडान कार्य सम्पन्न।
- जिआइएसमा एसएफ ६ ग्यास फिलिङ कार्य सम्पन्न ।
- कन्ट्रोल र रिले प्यानलको परिक्षण तथा अन्य मुख्य परिक्षण जस्तै दोस्रो चरण एचभी परिक्षण र सिटी परिक्षण सम्पन्न ।
- नयाँ खिम्ती मा जिआइएस सबस्टेसनको कम्युनिकेशन सिस्टम र स्काडा इन्टरकनेक्सन कार्य सम्पन्न ।

**संगठित संस्थाका लिखु–४ जलविद्युत आयोजना (५२.४ मे.वा.) को संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

**विद्युत परियोजनाको नाम : लिखु–४ जलविद्युत आयोजना**

**आयोजना स्थलः** ओखलढुंगा जिल्लाको खिजिदेम्बा गाउँपालिका वडा नं. १ र ३ (साविक रगनी गा.वि.स. र खिजिचण्डेश्वरी गा.वि.स.) तथा रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका वडा नं. ७ (साविक भुजि गा.वि.स) ।

**श्रोत नदी** : लिखु खोलाको पानी

**आयोजनाको किसिमः** रन अफ रिभर

**विद्युत उत्पादन अनुमति प्राप्त** मितिः २०६८।११।२८ र २०७४।०२।१२(पहिलो संशोधन)

**विद्युत उत्पादन अनुमति बहाल रहने** मिति :२०६८।११।२८ देखि २१०३।११।२७

**जडित क्षमताः** ५२.४ मेगावाट

**आयोजनाको कुल लागतः** रु.१२,०८,२८,४९,१३२ (अक्षरेपी रु बाह्र सय आठ करोड अठाइस लाख उन्नचास हजार एक सय बत्तीस )

**आयोजनाको प्रति मेगावाट लागतः** रु.२३.०५ करोड (अक्षरेपी रु तेइस करोड पाँच लाख )

**आयोजनाको साधारण लगानी फिर्ता हुने अवधिः** ७.९१ वर्ष

**आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधिः** ११.५७ वर्ष

आयोजनाको NPV, Pay Back Period तथा IRR गणना देहाय बमोजिम गरिएको छ ।

**Pay Back Period, Internal Rate of Return(IRR) and Net Present Value (NPV)**

**रु.दश लाखमा**

| विवरण | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संचालनको वर्ष | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| लागत | (१२,०८२.८५) | – | – | – | – | – | – | – | – | – |
| कर पछिको आम्दानी | १०३.३९ | २५१.५३ | ३२०.९६ | ३९४.१२ | ४७४.७५ | ५५९.२९ | ६४९.६१ | ७४८.१३ | ८४८.७० | ९११.७८ |
| Terminal | – | – | – | – | | | – | – | – | – |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Value | | | | | – | – | | | | |
| ह्रासकट्टी र परिशोधन | ३९३.५८ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ |
| वित्तीय लागत | ६०९.७२ | ७१५.६१ | ६८४.३७ | ६४७.०२ | ६०३.१६ | ५५२.४८ | ४९५.२८ | ४३१.२६ | ३६३.०१ | २८९.४७ |
| लाभ (लागत) | (१०,९७६.१५) | १,४४१.२६ | १,४७९.४४ | १,५१५.२६ | १,५५२.०३ | १,५८५.८८ | १,६१९.०१ | १,६५३.५१ | १,६८५.८२ | १,६७५.३७ |
| Cumulative Simple Benefit(Cost) | (१०,९७६.१५) | (९,५३४.९०) | (८,०५५.४०) | (६,५४०.२०) | (४,९८८.२०) | (३,४०२.३०) | (१,७८३.३०) | (१२९.७६) | १,५५६.०६ | ३,२३१.४३ |
| Discount Factor | १.०० | ०.९३ | ०.८६ | ०.७९ | ०.७४ | ०.६८ | ०.६३ | ०.५८ | ०.५४ | ०.५० |
| Present Value | (१०,९७६.१५) | १,३३४.५० | १,२६८.३८ | १,२०२.८६ | १,१४०.७९ | १,०७९.३३ | १,०२०.२५ | ९६४.८१ | ९१०.८० | ८३८.१० |
| Cumulative Present Value | (१०,९७६.१५) | (९,६४१.७०) | (८,३७३.३०) | (७,१७०.४०) | (६,०२९.६०) | (४,९५०.३०) | (३,९३०.००) | (२,९६५.२०) | (२,०५४.४०) | (१,२१६.३०) |

| विवरण | २०८८।८९ | २०८९।९० | २०९०।९१ | २०९१।९२ | २०९२।९३ | २०९३।९४ | २०९४।९५ | २०९५।९६ | २०९६।९७ | २०९७।९८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संचालनको वर्ष | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| लागत | – | – | – | – | – | – | – | – | – | – |
| कर पछिको आम्दानी | ८८७.५२ | ९६१.४५ | १,०१०.२९ | १,०१६.७७ | १,०२३.७३ | ७५६.०३ | ७५२.९८ | ७४९.८४ | ७४६.६० | ७४३.२७ |
| Terminal Value | – | – | – | – | – | – | – | – | – | – |
| ह्रासकट्टी र परिशोधन | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ |
| वित्तीय लागत | २०३.३१ | १०८.३८ | ४४.३२ | ३२.४५ | १९.८७ | १२.०० | १२.०० | १२.०० | १२.०० | १२.०० |
| लाभ (लागत) | १,५६४.९५ | १,५४३.९५ | १,५२८.७३ | १,५२३.३४ | १,५१७.७१ | १,२४२.१५ | १,२३९.१० | १,२३५.९५ | १,२३२.७२ | १,२२९.३९ |
| Cumulative Simple Benefit(Cost) | ४,७९६.३७ | ६,३४०.३२ | ७,८६९.०५ | ९,३९२.३९ | १०,९१०.१० | १२,१५२.२४ | १३,३९१.३४ | १४,६२७.२९ | १५,८६०.०१ | १७,०८९.४० |
| Discount Factor | ०.४६ | ०.४३ | ०.४० | ०.३७ | ०.३४ | ०.३२ | ०.२९ | ०.२७ | ०.२५ | ०.२३ |
| Present Value | ७२४.८७ | ६६२.१७ | ६०७.०८ | ५६०.१३ | ५१६.७२ | ३९१.५८ | ३६१.६८ | ३३४.०४ | ३०८.४९ | २८४.८६ |
| Cumulative Present Value | (४९१.४७) | १७०.७० | ७७७.७८ | १,३३७.९१ | १,८५४.६३ | २,२४६.२१ | २,६०७.८९ | २,९४१.९३ | ३,२५०.४२ | ३,५३५.२८ |

| विवरण | २०९८।९९ | २०९९।०० | २१००।०१ | २१०१।०२ | २१०२।०३ | २१०३।०४ |
|---|---|---|---|---|---|---|
| संचालनको वर्ष | २१ | २२ | २३ | २४ | २५ | २६ |
| लागत | – | – | – | – | – | – |
| कर पछिको आम्दानी | ७३९.८४ | ७३६.३० | ७३२.६६ | ७२८.९१ | ७२५.०५ | ५०९.०३ |
| Terminal Value | – | – | – | – | – | १४,४७६. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | १९ |
| ह्रासकट्टी र परिशोधन | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ४७४.१२ | ३१०.४५ |
| वित्तीय लागत | १२.०० | १२.०० | १२.०० | १२.०० | १२.०० | ७.८६ |
| लाभ (लागत) | १,२२५.९५ | १,२२२.४२ | १,२१८.७८ | १,२१५.०३ | १,२११.१६ | १५,३०३.५३ |
| Cumulative Simple Benefit(Cost) | १८,३१५.३५ | १९,५३७.७७ | २०,७५६.५५ | २१,९७१.५८ | २३,१८२.७४ | ३८,४८६.२७ |
| Discount Factor | ०.२१ | ०.२० | ०.१८ | ०.१७ | ०.१६ | ०.१५ |
| Present Value | २६३.०३ | २४२.८४ | २२४.१८ | २०६.९४ | १९१.०० | २,२३४.५९ |
| Cumulative Present Value | ३,७९८.३१ | ४,०४१.१५ | ४,२६५.३३ | ४,४७२.२७ | ४,६६३.२७ | ६,८९७.८६ |

| | | |
|---|---|---|
| **Discount Rate** | | ८% |
| **Pay Back Period** | | |
| **Simple (years)** | | ७.९१ |
| **Discounted (years)** | | ११.५७ |
| **Internal Rate of Return** | | १३.९०% |
| **Net Present Value** | | ६,८९७.८ |

Millions

## **आधार** (Assumptions) :

१) शेयर निष्काशनबाट प्राप्त रकम बैंकको ऋण तिर्नका लागि उपयोग गर्ने प्रक्षेपण गरीएको छ ।

२) कुनै पनि सम्पत्ति थप नहुने प्रक्षेपण गरीएको छ तथा ह्रास खर्च कम्पनीको ह्रासकट्टि निति अनुसार SLM को आधारमा प्रक्षेपण गरीएको छ ।

३) विद्युत बिक्रीको ४५ दिन बराबरको रकम पाउनुपर्ने हिसाबमा देखाइएको छ ।

४) पेश्की ऋण तथा ब्याज बैंकहरुसंग भएको सम्झौता बमोजिम देखाइएको छ ।

५) नगद तथा बैकं मौज्दात र चालु तथा अन्य दायित्व बिगतको परिणामहरुको आधारमा प्रक्षेपण गरीएको छ ।

६) विद्युत बिक्रीबाट हुने आम्दानी विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधान तथा बिगतको परीणामहरुको आधारमा प्रक्षेपण गरीएको छ ।

७) रोयल्टि खर्च विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधानको आधारमा प्रक्षेपण गरीएको छ ।

८) कर्मचारी बोनस,कर्पोरेट सामाजिक दायित्व तथा आयकर गणना प्रचलित कानुन बमोजिम गरिएको छ ।

**Net Present Value (NPV)** तथा **Internal Rate of Return (IRR)** गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 +… Net Cash InFlowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

where,

r = Discount rate

t = Number of time periods

2. IRR= $\sum_{t=1}^{T} \frac{C_t}{(1+r)^t} - C_0$

$C_t$ = Net cash inflow during the period

$C_0$ = Total initial investment costs

r = Discount rate

t = Number of time periods

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

१. यस कम्पनीको सक्रियता र स्वामित्वमा निजी क्षेत्रबाट विभिन्न जल विद्युत योजना निर्माण पूरा गरी जल विद्युत उत्पादन गरी बिक्री गर्ने गराउने ।

२. साना, मझौला र ठूला जलविद्युत आयोजनाहरुसंग समन्वय गरी विद्युत आपूर्ति तथा वितरण गर्ने ।

३. जल विद्युत विकास तथा निर्माणका कार्यहरुका सम्बन्धमा अन्य कम्पनी तथा निकायहरुको लागि आवश्यक अनुसन्धान, सर्भे, योजना प्रारुप तयार गरि त्यस्तो कार्य गर्ने गराउने ।

४. यस कम्पनीले इलेक्ट्रीकल तथा इलेक्ट्रोनिक्स, प्लान्ट र अन्य मेशीनहरु र सो सम्बन्धी पार्टपूर्जाहरु समेत (Electrical and Electronics, Plant and Machinery with adjustment parts)को विदेशी मुलुकबाट आयात निर्यातको साथै नेपाल राज्यभरी खरीद बिक्री वितरण गर्ने गराउने ।

५. विभिन्न विकास तथा निर्माणका कार्यहरुका सम्बन्धमा सर्वसाधारण तथा अन्य कम्पनी र नेपाल सरकारका निकायहरुको लागि आवश्यक अनुसन्धान, सर्भे, योजना प्रारुप तयार गरि त्यस्तो निर्माण कार्य ठेक्का जिम्मा लिई ठेकदारको हैसियतले कार्य गर्ने गराउने ।

६. विभिन्न स्वरुपका शपिङ्ग कम्प्लेक्स, सडक, पुल ,शहरी आवास क्षेत्र, औद्योगिक क्षेत्र, जल विद्युत योजनाहरु लगायत अन्य ठूला ठूला निर्माण विकास योजनाहरुको कानून बमोजिम निर्माण ठेक्का प्राप्त गरि पूर्ण विकास निर्माण गर्ने, गराउने ।

७. कानून बमोजिम आवश्यक स्वीकृत प्राप्त गरि नेपाल सरकार, संघ संस्था, कम्पनी तथा निजी क्षेत्रबाट समेत लामो अवधिको पट्टा (Long Term Lease) मा कानून बमोजिमको उपलब्ध सुविधा र सहुलियत प्राप्त गरि विदेशी प्रविधि तथा पूँजी परिचालन गरि देशमा विभिन्न प्रकारका विकास निर्माण कार्यहरु संचालन गर्ने गराउर्ने ।

८. डिजिटल सूचना प्रणाली प्रयोगद्धारा संचार सेवालाई ग्रामिण क्षेत्र देखि विश्वव्यापी रुपमा संचालन गर्न आवश्यक अनुसन्धान गरेर नयाँ प्रविधिहरुको विकास गरी संचालन र प्रवद्धन गर्ने गराउने ।

९. विश्वका विभिन्न भागमा रहेका नेपालीहरुलाई सस्तो र सुलभ रुपमा संचार सेवा उपलब्ध गराउनका लागि नेपालमा इमेल, ईन्टरनेट तथा टेलिफोन Hosting को सेवा उपलब्ध गराउने ।

१०. यस कम्पनीले वाटर ट्रिटमेन्ट प्लान्टको स्थापनाको साथै सो को लागि आवश्यक पर्ने अन्य केमीकल तथा पार्टपूर्जाहरु, लगायत पानी तान्ने पम्पको आयात निर्यात र बिक्री वितरण गरी मर्मत तथा सम्भार पनि गर्ने गराउने ।

११. यस कम्पनीले स्वदेशी तथा विदेशी कम्पनी तथा फर्महरुसँग सम्पर्क गरी गराई आवश्यकता अनुसार नेपालमा कृषि कार्यका लागि आवश्यक पर्ने मेशिनहरु त्था अन्य सामानहरुको आयात निर्यात गर्ने गराउने ।

१२. स्वदेशी तथा विदेशी कम्पनीहरुको उत्पादन बिक्री वितरण गर्नको लागि कानून बमोजिम एजेन्टको कार्य गर्ने गराउने ।

१३. तयारी पोशाक उद्योगका लागि चाहिने आवश्यक सामानहरु लुगा सिउने मेशिन लगायत कपडा तथा अन्य कच्चा पदार्थहरुको वितरक बिक्रेता भएर आयात निर्यात गर्ने गराउने ।

१४. विभिन्न प्रकारका अन्य उपभोग्य वस्तुहरु खरिद गरी थोक तथा बिक्री गर्नुका साथै समुन्द्रपारका देशहरुमा निर्यात गर्ने, डिष्ट्रिव्युटर तथा एजेन्सी सम्बन्धी काम गर्ने ।

१५. विभिन्न प्रकारका सामानहरु खरिद गरी नेपाल सरकारले निर्यात योग्य भनि तोकेका सामानहरु निर्यात गर्ने तथा स्थानिय बजारमा बिक्री गर्ने ।

१६. नेपाल सरकारले आयात गर्न निषेध नगरेका सम्पूर्ण वस्तु तथा सेवाहरु विश्वका विभिन्न मुलुकहरुबाट आयात गरी बिक्री वितरण गर्ने ।

१७. स्वदेशमै खरिद गरिएका वा आयातित सामान तथा सेवाहरु बिक्री गर्न डिलर तथा सव–डिलरको व्यवस्था गर्ने, एर्जेन्ट वा प्रतिनिधी नियुक्त गर्ने, व्यक्ति, फर्म, कम्पनीहरुको एजेन्सी लिई कार्य गर्ने साथै एजेन्ट नियुत्त भै कार्य गर्ने ।

१८. उल्लेखित उद्देश्य अनुरुप कार्य गर्नका लागि आवश्यकता अनुसार विभिन्न सरकारी, गैरसरकारी निकाय, व्यवसायिक संघ–संस्था तथा कम्पनीहरुसंग सम्पर्क सम्बन्ध विकास गरी कार्य गर्ने, गराउने ।

१९. यस कम्पनीले आवश्यक परेमा वा उपयोगी देखिएमा स्वीकृती लिई यस कम्पनीको सहायक कम्पनी पनि खोल्न सक्नेछ ।

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** परियोजना Run of River मा आधारित जलबिद्युत आयोजना हो । यस परियोजनामा Run of River प्रकारको जलबिद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यतु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थितिः** लिखु खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ५२.४ मेगावाट रहेको छ । लिखु–४ खोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** लिखु–४ खोला जलविद्युत आयोजनाका लागि ओखलढुंगा र रामेछाप जिल्लाको लिखु खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

गुण नियन्त्रणको लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

क) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि तथा आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गर्ने व्यवस्था गरिएको छ ।

ख) Hydromechanical तथा Electromechanical कार्य अन्तर्गत Quality Inspection को लागि Contract Document अनुसार नै Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरुप Inspection को व्यवस्था गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :** नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागी आवश्यक कार्यहरु भइरहेको ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असरपर्ने गरी भएको वाधा, व्यवधानः**
आयोजना समय भित्रै सम्पन्न गर्ने उद्देश्यले तिव्र गतिमा निर्माण भईरहेकोमा विश्वभरि फैलिएको कोभिड-१९ को कारणले देशभरि लकडाउन तथा निषेधाज्ञा जारी गरिएको हुँदा आयोजनाको हाइड्रो-मेकानिकल तथा इलेक्ट्रो-मेकानिकल उपकरणहरु समयमा नै आयोजना स्थलमा ल्याउन नसकेको तथा दक्ष प्राविधिक जनशक्तिहरु र परामर्शदाता समेत आयोजना स्थलमा आई निर्माण कार्यमा संलग्न हुन नसकेको कारणले आयोजनाको निर्माण तथा जडान कार्यमा ढिलो हुन पुगेको हुनाले आयोजनाको निर्माण सम्पन्न गर्नुपर्ने समयतालिका भित्र RCOD मा आयोजना संचालनमा ल्याउन नसकेको जानकारी गरिन्छ । मिति: २०७८।०२।०६ मा दायाँ डिसिल्टीङ वालको २० मिटर ट्रान्जिसन भागमा क्षति हुन गएको थियो । क्षतिको कारण प्राकृतिक विपत्ति रहेको थियो । क्षति भएको डिसिल्टीङ बेसिनको वालको मर्मत कार्य परामर्शदाताको डिजाइन तथा चित्र अनुसार **सम्पन्न भइसकेको ।**

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
लिखु–४ जलविद्युत आयोजनाबाट ५२.४ मेगावाट विद्युत उत्पादन हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण):**
जलविद्युत केन्द्रमा जडित उपकरणहरु Civil Construction & Associated Hydro Mechanical Works को लागी SSNR Projects Pvt.Ltd. and South Asian Infrastructure Pvt. Ltd. बाट र Design, Supply, Erection and Commissioning of Electro-Mechanical Works को लागि Voith Hydro Pvt. Ltd. बाट आपूर्ति भएको छ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः** कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| विवरण | रकम रु.* | रहेको स्थान | पछिल्लो अवस्था |
|---|---|---|---|
| सम्पत्ति, मेशिनरी तथा उपकरण | १,९९१,०९२ | केन्द्रिय स्थल | चालु |
| आयोजना खर्च | १०,२२०,७२२,५५१ | आयोजना स्थल | चालु |

* २०७८ पुस मसान्तको वासलात अनुसार

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्नेः** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको । तथापी सम्झौता अबधी पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने ब्यबस्था रहेको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः**
जलविद्युत आयोजनाको लागि श्री लक्ष्मी बैंक लिमिटेडको अगुवाइमा २०७४।०८।२९ मा सहवित्तियकरण तथा २०७७।११।१८ मा पहिलो पुरक सहवित्तियकरण मार्फत फाइनान्सियल क्लोजर भइ निर्माणाधिन रहेकोले ग्रीन भेन्चर्स लिमिटेडको सबै स्थिर सम्पत्ति consortium bank हरु लक्ष्मी बैंक लि., ग्लोबल आईएमई बैंक, नबिल बैंक लिमिटेड, नेपाल एसबिआई बैंक, सनराइज बैंक लि., प्रभु बैंक लि., सानिमा बैंक लि. र एभरेष्ट बैंक लि.को नाममा मोर्टगेज भइसकेको छ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** लागु नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

(क) **व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।
(२) नयाँ जलविद्युत आयोजनाहरुको सम्भावयता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।
(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने ।
(४) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।
(५) यस लिखु-४ जलविद्युत आयोजनाको संचालनबाट निस्केको पानीलाई पुनः प्रयोग गरी यस कम्पनीले लिखु-४ ए क्यासकेड जलविद्युत आयोजना निर्माण गर्नु अघि गर्नुपर्ने कार्यको समय तालिका :

| कार्य तालिका | अनुमानित समय |
|---|---|
| सर्वेक्षण अनुमती | १० जेष्ठ २०७९ |
| परियोजना प्रतिवेदन | माघ २०७७ मा सम्पन्न भएको |
| वातावरणीय प्रभाव मुल्याङ्कन | १० जेष्ठ २०७९ |
| विद्युत अनुमती प्रमाण पत्र | चैत्र २०८० |
| विद्युत खरीद सम्झौता | माघ २०८० |

ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिका आधारमा संगठित संस्थाको भविष्यः**
देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत

सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेको छ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस ब्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो ब्यबसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ५ |
| सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचीत | १ |
| स्वतन्त्र सञ्चालक | १ |
| **जम्मा** | **७** |

विगतमा सोही प्रकारका अन्य कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा विक्री हुने कम्पनीको धारणा रहेको छ।

निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ । सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा संस्थापक शेयरधनीलाई प्रचलित कानून बमोजिम खरिदको लीग आह्वान गरिनेछ । यदि संस्थापक शेयरधनीले पनि सो शेयर खरिद नगरेको खण्डमा प्रत्याभूतीकर्ता नागरिक लगानी कोषले सो शेयर खरिद गर्नेछ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

**आयोजनाको संचालन स्थान :**
ओखलढुंगा जिल्लाको खिजिदेम्बा गाउँपालिका वडा नं. १ र ३ (साविक रगनी गा.वि.स. र खिजिचण्डेश्वरी गा.वि.स.) तथा रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका वडा नं. ७ (साविक भुजि गा.वि.स) ।

**आयोजनाको कार्यान्वयन चरणवद्ध रुपमा नभएको ।**

**पुस मसान्त २०७८ सम्मको अनुमानित खर्चको विवरण देहाय बमोजिम रहेको छ :**

| सि.नं. | हेड | बजेट | वास्तविक | बाँकी |
|---|---|---|---|---|
| १ | जनरल वर्क्स | | | |
| १.१ | जग्गा अधिग्रहण | ११३,२८०,००० | १३७,३७७,३४९ | ० |
| १.२ | वातावरणशमन | ७८,३८०,००० | ५७,०८१,२५४ | ० |
| | **जम्मा** | **१९१,६६०,०००** | **१९४,४५८,६०३** | ० |
| २ | पूर्वाधार | | | |
| २.१ | पहुँचसडक | ७११,५९४,२४५ | ५३०,८९८,७७४ | १४६,१४५,००३ |
| २.२ | निर्माण शक्ति | २२,६००,००० | ० | ० |
| २.३ | शिविर सुविधाहरू | ७३,४५०,००० | ८२,९११,६४५ | ८,५३१,५०० |
| | **जम्मा** | **८०७,६४४,२४५** | ६१३,८१०,४१९ | १५४,६७६,५०३ |
| ३ | सिभिल वर्क्स | **५,१०७,५१४,३५९** | **५,९१८,४२६,५३५** | ० |
| ४ | इलेक्ट्रोमैकेनिकल, हाइड्रोमैकेनिकल र ट्रांसमिशनलाइन | | | |
| ४.१ | इलेक्ट्रोमेकानिकल वर्क्स | १,२०४,८४९,३३९ | १,१२५,६५६,३८० | १२,४७०,१९५ |
| ४.२ | हाइड्रोमेकानिकल वर्क्स | ९२३,९९६,८१६ | ९४०,६२३,४२४ | ० |
| ४.३ | प्रसारण लाइनहरू | ५४६,२९२,८०९ | ५७०,०८६,६९४ | १,६००,००० |
| | **जम्मा** | **२,६७५,१३८,९६४** | **२,६३६,३६६,४९८** | **१४,०७०,१९५** |
| ५ | अन्य लागतहरू | | | |
| ५.१ | ईन्जिनियरिंग व्यवस्थापन लागत | ४७८,५७५,३०० | ४४३,६९८,०६५ | ० |
| ५.२ | निर्माणको क्रममा बीमा | ३९,१९०,००० | ४८,५२६,८३२ | ० |
| ५.३ | स्थापना / परियोजना विकास | ७५३,०००,००० | ७६८,२७३,३८९ | ० |
| | **जम्मा** | **१,२७०,७६५,३००** | **१,२६०,४९८,२८६** | ० |
| ६ | आकस्मिकताहरू (Physical Contingency) | | | |
| ६.१ | आकस्मिकता -सिविलवर्क्स, EM/HM) | | | |
| ६.१.१ | आकस्मिकता -सिविल सतह वर्क्स/सिविल भूमिगत | २५५,३७५,७१८ | ० | ० |
| ६.१.२ | आकस्मिकता -ईएम / एचएम र टीएल) | २१५,३०७,३१० | ० | ० |
| | **जम्मा** | **४७०,६८३,०२८** | ० | ० |
| ६.२ | मूल्य आकस्मिकता | ३३५,४९०,००० | ० | ० |
| ७ | कस्टम ट्याक्स | २३,०००,००० | ० | ० |
| | **कुल परियोजना लागत आईडीसी बाहेक** | **१०,८८१,८९५,८९५** | **१०,६२३,५६०,३४१** | **१६८,७४६,६९८** |
| ८ | आईडीसी | १,२००,९५३,२३६ | १,१२४,५६९,१०८ | ० |
| | **आईडीसी सहित कुल परियोजना लागत** | **१२,०८२,८४९,१३१** | **११,७४८,१२९,४४९** | **१६८,७४६,६९८** |

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने मितिः**

**आयोजना सम्पन्न हुने मिति** : २०७८।०६।०९
**परिक्षण उत्पादन शुरु हुने मितिः** २०७८।०७।०६
**पूर्ण व्यावसायिक उत्पादन शुरु हुने मिति** :२०७८।०७।२१

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरुः**

| विवरण | मूल्य वा प्रस्तावित मूल्य (भ्याट बाहेक) | सप्लायरको नाम | सप्लायरसंगको सम्झौताको मुख्य बुँदा |
|---|---|---|---|
| **लिखु –४ जलविद्युत आयोजना** | | | |
| **इलेक्ट्रोमेकानिकल** | रु.१,०१९,१९४,५२६ | भोइथ हाइड्रो प्रा.लिमिटेड | अनुबंध मितिः २०७५।०२।०७, २०७५।०७।२७ ,२०७७।०४।१७ |

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरणः** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः** कम्पनीको उत्पादन विद्युत हो, सो को प्रयोगकर्ता नेपालका देशबासीहरु रहेका छन्, जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र कम्पनीको विद्युत उत्पादन क्षमता ५२.४ मेगावाट रहेको छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोतः**ओखलढुंगा र रामेछाप जिल्ला भई बग्ने लिखु खोलाको पानी ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** लिखु–४ खोला जलविद्युत आयोजना ५२.४ मे.वा.को लागी २६.७ घ.मि.प्रति सेकेन्ड पानी आवश्यक रहेको छ ।

**(ञ) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्कासन तथा बिक्री प्रबन्धक - रु.१,५०,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्कासनको हकमा) - निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु. १६,००,०००/-

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।

(उ) लेखापरिक्षकको शुल्क–प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु.२२,६००/–भुक्तानी गरिएको ।

(ऊ) रेटिङ्ग शुल्क–रु.३,९५,५००/-

(ऋ) अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित गरेको शुल्क–रु.२,८२,५००/–

(ए) विद्युत नियमन आयोगबाट स्वीकृतिको लागि सेवा शुल्क-रु.४,००,०००/–

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

**क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्तहुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।
२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ ।
५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतीकर्ताहरु बीच भएको प्रत्याभूती सम्बन्धि सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतीकर्ताहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २९ मा व्यवस्था भएको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ । कथम्कदाचित उक्त समय अवधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकलाइ दरखास्त वापत जम्मा गरेको रकम फिर्ता भुक्तानी गर्नु पर्नेछ ।

आस्बा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड–पत्र तथा रकम फिर्ता भुक्तानी दिन

नसकिएमा दफा २९ को उपदफा ३ मा भएको व्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

उपरोक्त व्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्वन्धीत शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्कासन गरिने साधारण शेयरको बाँडफाँड पश्चात धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर नेपाल स्टक एक्सचेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरिद विक्रीको व्यवस्था मिलाइने छ ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः .**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | नाम, ठेगाना | संख्या | रकम |
|---|---|---|---|
| १ | नागरिक लगानी कोष, नयाँ बानेश्वर | ६२,५०,००० | रु.६२,५०,००,०००/- |

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

- यस कम्पनीले सर्बसाधारणमा निष्काशन गर्न लागेको रु. १००/- अंकित दरका ६२,५०,००० कित्ता शेयरको जम्मा मुल्य रु.६२,५०,००,०००/- को लागि प्रत्याभुति व्यवस्थापनको कार्य श्री नागरिक लगानी कोषलाई प्रत्याभूतिकर्ताको रुपमा नियुक्त गरेको छ ।
- ६२,५०,००० कित्ता शेयरको प्रत्याभुति शुल्क वापत जम्मा रु.१६,००,०००/–(अक्षरेपी सोह्र लाख मात्र) सेवा शुल्क प्रदान गर्न कम्पनी मञ्जुर गर्दछ ।
- यदि सर्बसाधारणबाट निष्काशित सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त नभएमा कम्पनीले माग गरेको बखत प्रत्याभूतिकर्ताले प्रत्याभूति गरिएको शेयर वापतको रकम भुक्तान गर्नेछ । साथै कम्पनीले शेयर बापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नेछ ।

- सर्वसाधारणमा शेयर बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुने छ ।
- यस सम्झौताको समयावधि सम्झौता भएको मितिले २०७८ चैत्र मसान्त सम्ममात्र हुनेछ ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरण-पत्र अनुसार निष्कासन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. २८, पुतलीसडक, काठमाण्डौं वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वरमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम ५०,०००(पचास हजार) कित्तासम्म शेयर खरीद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

(ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

यस कम्पनीको प्रवन्धपत्रमा ब्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी र सर्वसाधारण) मा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ८०% शेयर संस्थापक शेयरधनी तथा २०% सर्वसाधारणहरु मध्ये १०% प्रतिशत आयोजना प्रभावित क्षेत्रका र १०% सर्वसाधारणहरु (कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ । आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कामदार कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आबेदन दिन सक्ने भएको हुंदा कर्मचारीको हैसियतले पुनःशेयर खरिदको लागि आबेदन दिन सक्ने छैनन् । आयोजना प्रभावित क्षेत्रका कर्मचारीले यसरी कर्मचारीको हैसियतले आबेदन दिएमा त्यस्तो आबेदन रद्द हुनेछ ।

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बँसाईसराई गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अगावै बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१४. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१९. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

२०. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजु हूनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।
ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।
च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय(Dormant)रहेको हुनु हुदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ५०,०००(पचास हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभुत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड -क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभुत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्न भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

ग.१३. सुचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्युनतम, अन्तिम बजार मुल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्कासनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरण-पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्युन र अन्तिम मुल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

ग.१४ पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको।

ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा विकास तोदी एण्ड एसोसिएट्स रहेको छ ।

आ)यस निष्कासनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

इ) यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौं |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ दिनभित्र वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरण-पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको

हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी विकास तोदी एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्थाका श्री विकास तोदीज्यूले प्रमाणित गरेको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो नभएको ।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी, र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु संचालन भैरहेको छ ।

| **क्र. सं** | **बैंक तथा वित्तीय संस्थाको नाम** | **स्वीकृत कर्जा सीमा** | **कर्जा रकम** | **कर्जाको भुक्तानी अवधि (वर्ष)** | **किस्ता भुक्तानीको तरिका** | **हालको व्याजदर** | **हाल सम्म भुक्तान गरिएको कर्जा रकम** | **बाँकी कर्जा सीमा (पुस मसान्त २०७८)** |
|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी बैंक लि. | १,२५०,०००,००० | १,२५०,०००,००० | १२ | त्रैमासिक | ७.५० | ० | ० |
| १क | लक्ष्मी बैंक लि. | | १५९,५३३,३७४ | १२ | त्रैमासिक | ७.५० | ० | (१५९,५३३,३७४) |
| २ | ग्लोबल आईएमई बैंक लि. | १,२५०,०००,००० | १,२५०,०००,००० | १२ | त्रैमासिक | ७.५० | ० | ० |
| २क | ग्लोबल आईएमई बैंक लि. | | २४०,७७८,८११ | १२ | त्रैमासिक | ७.५० | ० | (२४०,७७८,८११) |
| ३ | नबिल बैंक लि. | १,४२०,०००,००० | १,४२०,०००,००० | १२ | त्रैमासिक | ७.५० | ० | ० |
| ३क | नबिल बैंक लि. | ५००,०००,००० | ४५२,३०५,३६२ | १५ | त्रैमासिक | ७.५० | ० | ४७,६९४,६३८ |
| ४. | सनराइज बैंक लि. | १,०००,०००,००० | ९४८,२७५,४०४ | १२ | त्रैमासिक | ७.५० | ० | ५१,७२४,५९६ |
| ५. | नेपाल एसबिआई बैंक लि. | १,०००,०००,००० | ९०९,५४५,२६४ | १२ | त्रैमासिक | ७.५० | ० | ९०,४५४,७३६ |
| ६. | सानिमा बैंक लि. | ८५०,०००,००० | ७७३,३५७,३९० | १२ | त्रैमासिक | ७.५० | ० | ७६,६४२,६१० |
| ७. | प्रभु बैंक लि. | ८५०,०००,००० | ७७२,२५४,८९२ | १२ | त्रैमासिक | ७.५० | ० | ७७,७४५,१०८ |
| ८. | एभरेष्ट बैंक लि. | ९३०,०००,००० | ६४०,१५५,७२५ | १५ | त्रैमासिक | ७.५० | ० | २८९,८४४,२७५ |
| | **जम्मा** | **९,०५०,०००,०००** | **८,८१६,२०६,२२२** | | | | | **२३३,७९३,७७९** |

## १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

## ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेडका हिमांशु महर्जनलाई ०१-४७८०२२२ मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

## ग.२२ अन्य सामान्य जानकारी :

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि विकास तोदी एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्थाका श्री विकास तोदीज्यूले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | परिवर्तन भएको लेखापरीक्षकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | विकास तोदी एण्ड एसोसिएट्स | विगतको लेखापरीक्षक नारायण वजाज एण्ड एसोसिएट्सले लगातार तीनबर्ष सम्म कम्पनीको लेखापरीक्षण गरेको र लगातार तीन बर्ष भन्दा वढी एउटै लेखापरीक्षकले लेखा परीक्षण गर्न कम्पनी ऐन बमोजिम तथा यस कम्पनीको नीति बमोजिम समेत नमिल्ने भएकोले | २०७८।१०।१४ को कम्पनीको साधारण सभाले आ.व. ०७८।०७९ को लेखापरीक्षक विकास तोदी एण्ड एसोसिएट्सलाई नियुक्त गरेको । |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कम्पनी सचिवको नाम, ठेगाना र योग्यता : विष्णु प्रसाद न्यौपाने
ठेगाना : का.म.न.पा.१०, नयाँ बानेश्वर
योग्यताः कानुनमा स्नातकोत्तर (एलएलएम), विगत १७ वर्ष देखि कानुन व्यवसायमा संलग्न ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७७/०७/०२ गते बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/–अंकित दरको ६२,५०,००० कित्ता साधारण शेयर मध्ये ३१,२५,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) र ३१,२५,००० कित्ता सर्वसाधारणका लागि शेयर निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं लाई धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गर्ने निर्णय गरेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्षसम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं. २८, पुतलीसडक, काठमाण्डौं ।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, बानेश्वर, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण-पत्र मार्फत निष्कासन गरिने ३१,२५,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र ( उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुका लागि तथा ३१,२५,००० कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्कासन गरिएको छ । यस विवरण-पत्र मार्फत आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुका निष्कासन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ । साथै सो सर्वसाधारणलाई निष्काशन गर्ने शेयरको ३% शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ र ५% शेयरहरु सामूहिक लगानी कोषको निम्ति छुट्याएर सुरक्षित राखिएको छ । । कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ तथा सामुहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिने छ । सामूहिक लगानी कोषहरुबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रमा विक्री प्रबन्धकले सङ्कलन केन्द्रको आवश्यक व्यवस्था गरी आवेदन फारम, विवरणपत्र वितरण तथा आवेदन फारम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गर्नेछ । सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., कमलादी, काठमाण्डौंबाट इस्यूर रेटिङ्ग गराइ{ **"[CARE-NP BB (Is) [Double B (Issuer Rating)]"** प्रमाणपत्र प्राप्त गरेको छ । **"[CARE-NP BB(Is) [Double B (Issuer Rating)]"** ले समयमा नै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम रूपमा सुरक्षित मानिन्छ । (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि.ले **CARE-NP AAA (Is)** देखि **CARE-NP D (Is)** सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड **"CARE-NP AAA(Is)"** ले सकारात्मक आधार जनाउँछ भने **"CARE-NP D (Is)"** ले नकारात्मक आधारहरू जनाउँछ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण** :यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा १० बर्ष आयकर छुट तथा सो पश्चात ५ बर्षसम्म ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांश दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) **आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको** : कम्पनीले मिति २०७५ साल फागुन १३ गते नेपाल सरकार, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएर प्रा.लि.बाट पब्लिक लिमिटेडमा परिणत भई आफ्नो उद्देश्य अनुसारको कारोवार संचालन गरिरहेको छ ।

(२) **प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :** कम्पनीले पछिल्लो पटक मिति २०७८/१०/१४ गते साधारण सभा सम्पन्न गरी आ.व. २०७७/०७८ सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गरिसकेको छ । उक्त साधारण सभाले श्री विकास तोदी एण्ड एशोसिएटस्लाई आ.व. २०७८।०७९ को लागि लेखापरिक्षक नियुक्त गर्यो ।

(३) **आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** लिखु–४ खोला जलविद्युत आयोजना (५२.४ मे.वा.) को मिति २०६८/११/२८ मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६८/०६९ वि.उ. ०५९) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०३/११/२७ गते सम्म बहाल रहनेछ ।

(४) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावरहाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य सम्पन्न भइसकेको :**

कम्पनीले लिखु–४ खोला जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावर हाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक संरचनाहरुको निर्माण सम्पन्न भइसकेको छ ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्ट आदि खरिद गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा भइसकेको :** यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको ।

(६) **धितोपत्रको सार्वजनिक निष्कासन सम्वन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भई सकेको :** कम्पनीको प्रवन्धपत्रमा उल्लेख भइ अनुसारको साधारण शेयर सर्वसाधारणमा निष्कासन गर्नका लागि निष्कासन तथा विक्री प्रवन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडसँग सम्झौता गरिएको छ ।

(७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** लिखु खोला जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिए बमोजिम राख्न सहमत छौं ।

(८) **संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको :** संस्थापकहरुको आफूले लिन कबुल गरेको २,५०,००,००० कित्ता शेयर कित्ताको प्रति शेयर रु.१००/- का दरले रु.२,५०,००,००,०००/-शतप्रतिशत चुक्ता भई सकेको छ ।

(९) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको :** लिखु–४ खोला जलविद्युत आयोजनाको लागि श्री लक्ष्मी बैंक लिमिटेडको अगुवाइमा २०७४।०८।२९ मा सहवित्तियकरण तथा २०७७।११।१८ मा पहिलो पुरक सहवित्तियकरण मार्फत फाइनान्सियल क्लोजर भइ निर्माण सम्पन्न भईसकेको छ ।

(१०) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको :** लिखु–४ खोला जलविद्युत आयोजना ५२.४ मे.वा.को मिति २०७३/०३/२९ मा नेपाल विद्युत प्रधिकरणसंग विद्युत खरिद विक्री सम्झौता (पि.पि.ए.) मा हस्ताक्षर भएको । हाल कम्पनी र प्राधिकरण बीच मिति २०७८/०७/२२ मा लिखु–४ जलविद्युत आयोजना ५२.४ मे.वा. को खरिद बिक्री सम्झौता (PPA) को दोस्रो संशोधनमा व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०२१ सेप्टेम्बर ३० अर्थात २०७८।०६।१४ तोकिएको छ ।

(११) **सर्वसाधारणमा निष्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :** सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम श्री नागरिक लगानी कोषद्वारा प्रत्याभुति गर्ने प्रतिवद्धता प्राप्त भएको छ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरी विक्री बन्द भई शेयर बाँडफाँड भए पश्चात सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन खुल्ला रहनेछ ।

**ग.२३. यस विवरण-पत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत।**

| **सि.नं.** | **संचालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १. | सुभाष चन्द्र संघई | अध्यक्ष | |
| २. | विरेन्द्र कुमार संघई | संचालक | |
| ३. | गोविन्द लाल संघई | संचालक | |
| ४. | त्रिलोक चन्द अग्रवाल | संचालक | |
| ५. | अनुज अग्रवाल | संचालक | |

# २४. निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :


लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(100 % Subsidiary of Laxmi Bank Limited)
Reg. No: 1140/065/066

New Baneshwor, Kathmandu, Nepal
PO Box 8449
T 977-1-4780222, 977-1-4781582
F 977-1-4780583
E info@laxmicapital.com.np
W www.laxmicapital.com.np


Reference No : 545(M)
2077/078

मिति : २०७७/१२/१७

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८ मा रजिष्टर्ड कार्यालय रहेको ग्रीन भेन्चर्स लिमिटेडले अंकित मूल्य १००/– साधारण शेयर आयोजना प्रभावित क्षेत्रउद्योग प्रभावित क्षेत्र ३१,२५,००० कित्ता र सर्वसाधारणको लागि ३१,२५,००० कित्ता सार्वजनिक निष्काशन शेयरहरु जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौं । सार्वजनिक निष्काशन शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक सार्वजनिक निष्काशन शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउदछौं ।

१. कम्पनीको प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणपत्रहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहां पेश गरिएको र प्रत्येकको एक एकप्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।
४. कम्पनीको निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणपत्रहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्रीप्रबन्धक :**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको तर्फबाट
नाम : रजिव सापकोटा
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप : Laxmi Capital Market Ltd. लक्ष्मी क्यापिटल मार्केट लि.

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

विकास तोदी एण्ड एसोसिएट्स
**Vikash Todi & Associates**
Chartered Accountant

---

**Independent Practitioner's Review Report**

**The Board of Directors**
**Green Ventures Ltd**
**Putalisadak, Kathmandu**

We have reviewed the accompanying projected financial statements of **Green Ventures Ltd**, for the financial years beginning from 2078-79 to 2103-04. which comprise Projected Balance Sheets, Projected Income Statements for the years then ended and Assumptions on Projected financial Statements for the purpose of issuing 62,50,000/- ordinary shares to the general public including company employees and Project affected peoples. These projected financial statements have been revised because of change in estimated Required Commercial Operation date of the project. These Projected financial statements are the responsibility of the Company's management. Our responsibility is to issue a report on these financial statements based on our review.

We have performed the review to obtain moderate assurance as to whether the projected financial statements are free from the material misstatements. A review is limited primarily to inquiries of Company's personnel and analytical procedures applied to financial data and thus provided less assurance than an audit. We have not performed an audit and accordingly, we do not express an audit opinion.

We have reviewed the underlying assumptions for financial projection used for preparation of the projected financial statements. However, there will usually be differences between the forecasted and actual results, because events and circumstances frequently do not occur as expected and those differences may be material. We have no responsibility to update this report for the events and circumstances occurring after the date of this report.

Based on our review nothing has come to our attention that causes us to believe that the accompanying projected financial statements read with assumptions on projected financial statements do not give a true and fair view in accordance with Nepal Accounting Standard so far as applicable or relevant practices.

CA Vikash Todi
Vikash Todi & Associates
Chartered Accountants

Vikash Todi & Associates * Kathmandu Nepal * Chartered Accountants

Date:-06.06.2021
Place:-Kathmandu
UDIN - 210608CA00891aoHDD